# मुक्तक सिद्धान्त र केही प्रयोग

✍लय खतिवडा
सहप्राध्यापक
टीकापुर बहुमुखी क्याम्पस

सार सङ्क्षेप

*कलाका दुई भेदमध्ये ललित कलाको एक शाखाका रुपमा साहित्य पर्दछ । साहित्यका पनि विभिन्न भेदमध्ये कविता विधाको छोटो, छरितो र लघुतम रचनालाई मुक्तक भनिन्छ । साहित्य कला,संस्कृति समाजका प्रतिबिम्ब हुन् । समाज जे जस्तो छ त्यस्तै साहित्य सिर्जना हुन्छ । कुनै व्यक्ति, वस्तु र घटनाले सर्जकको मन र मस्तिष्कलाई तरङ्गित पार्दछ र त्यसमा अनुभव र अनुभूतिका साथै कल्पनाले रङ्गाएर साहित्य सिर्जना गरिन्छ । मुक्त अर्थात् बन्धन नभएको स्वतन्त्र रुपमा रचना गरिने कविताको संक्षिप्त स्वरुप नै मुक्तक हो । यस लेखमा मुक्तकको परिचय, परिभाषा, विशेषता, वर्गीकरणका साथै मुक्तकका विभिन्न उपभेदमध्ये रुबाईको संक्षिप्त परिचय, रदीफ, काफियाका, साथै केही रुबाई शैलीमा रचना गरिएका मुक्तकलाई प्रस्तुत गरिएको छ ।*

प्रमुख पद पदावली

*मुक्तक,आवेग, संवेग, आकर्षण,विकर्षण,आरोह, अवरोह, महाकाव्य, खण्डकाव्य, फुटकर कविता, लघुतम, मर्मस्पर्शी, शृङ्खला, प्रकथन, कथासूत्र, झुल्को, अभिलक्षण, तिव्रता, एकोन्मुख,छन्द, अन्त्यानुप्रास, चरण, पाउ, हरफ, श्लोक, शेर, उखान, सूक्ति, चुड्का,सायरी, रोइला, हाइकु, दोहा, रुबाई, ताङ्का, कुण्डली, गद्य, पद्य,रदीफ, काफिया, लयात्मक, श्रुतिमधुर, मधुमास, सार, मुक्तककार,गजल, प्रभातशृङ्गार, झुल्को खण्ड, पाटो, सूक्ष्म, बान्की,चमत्कृत,पाठक आदि ।*

## परिचय

ज्ञानविज्ञानका विभिन्न विधाहरुमध्ये साहित्य एक सशक्त विधा हो । मानिसले परापूर्व कालदेखि नै आफ्ना दुःख-सुख, आरोह-अवरोध, आवेग-संवेग, आकर्षण-विकर्षण आदि भावलाई साहित्यका विभिन्न विधाका माध्यमबाट कलात्मक रुपमा प्रस्तुत गर्दै आएको छ । साहित्यका अनेक विधामध्ये कवितालाई महत्त्वपूर्ण विधा मानिन्छ । कवितालाई पनि अनेक उपविधामा विभाजन गरिन्छ । कविताका विधागत आयाम महाकाव्य, खण्डकाव्य, फुटकर कविता र मुक्तकमध्ये मुक्तकलाई लघुतम अर्थात् सबभन्दा सानो एकाइ मानिन्छ । कविताको सर्वाधिक प्रचलित रुप मुक्तक कविता हो (त्रिपाठी र अन्य, २०४८:२९०) । आजभोलि कविताका विभिन्न उपविधामध्ये मुक्तक बढी लोकप्रिय बन्दै गएको छ । छोटो, छरितो, मर्मस्पर्शी र प्रभावकारी मुक्तकले पाठक र श्रोताको मनलाई चमत्कृत पार्दछ । आजको प्रतिस्पर्धी युगमा कम समय, श्रम र सम्पतिको प्रयोग गरी जीवन र जगत्को अति सूक्ष्म पक्षलाई सूत्रात्मक रुपमा प्रस्तुतीकरण गर्ने माध्यमका रुपमा सर्जकहरुले मुक्तकलाई प्रयोग गर्दै आएका छन् ।

मुक्तक शब्द **मुक्त** आधार पदमा **क** प्रत्यय लागेर निर्मित शब्द हो । मुक्त शब्दको शाब्दिक अर्थ स्वतन्त्र अर्थात् कुनै बन्दन नभएको भन्ने हुन्छ । यसरी स्वतन्त्र किसिमले रचना गरिने कविताको सबैभन्दा सानो स्वररुप नै मुक्तक हो । एक काव्यात्मक अनुच्छेदमा रहने दुईदेखि सात चरण सम्मको एकल आवृत्तिमय कलात्मक बान्कीको कुनै एक सानो कथ्य अर्थ, विचार वा भावको पूर्ण तथा हृदयस्पर्शी अभिव्यक्ति दिई रचिएको लघुतम कविता नै मुक्तक हो (पराजुली,२०६९:३०) ।

नेपाली साहित्यमा मुक्तक अत्यधिक आकर्षक, सुन्दर र प्रभावकारी विधा बन्दै गएको छ । साहित्यिक पत्रपत्रिकाहरुले मुक्तक विशेशाङ्क प्रकाशन गर्नुको साथै प्रत्येक अङ्कमा केही मुक्तक प्रकाशित गरी उल्लेखनीय योगदान पुर्‍याएका छन् । मुलुकका विभिन्न स्थानमा खोलिएका एफ एम रेडियोहरुले समेत मुक्तकसम्बन्धी कार्यक्रम बनाएर मुक्तकको प्रचार प्रसार गरी रहेका छन् । व्यक्तिगत पहलमा साहित्यिक सर्जकहरुले मुक्तक सङ्ग्रह प्रकाशित गरेका छन् भने साहित्यिक सङ्घ संस्था तथा विश्व विद्यालयहरुले मुक्तकलाई अनुसन्धेय विषय बनाएका छन् । विभिन्न विश्व विद्यालयहरुले मुक्तकलाई शोधपत्रको विषय बनाएर स्नाकोत्तर र विद्यावारिधि तहमा अनुसन्धान भइरहेको छ ।

## परिभाषा

मुक्तकका बारेमा विभिन्न विद्वान्हरुले आ-आफ्नै मतमा परिभाषित गरेका छन् । पूर्वीय पाश्चात्य र शब्दकोशीय परिभाषालाई प्रस्तुत गर्दा यहाँ लामो शृङ्खला नै तयार हुन्छ । त्यसैले मुक्तकसम्बन्धी नेपाली साहित्यका केही विद्वान् तथा शब्दकोशले गरेको परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ :

क) कथासूत्रमा आवद्ध नभएको हृदयका भावलाई प्रतिविम्वित गर्ने प्रभावकारी निरपेक्ष स्वतन्त्र कविता नै मुक्तक हो (नेपाली बृहत् शब्दकोश, २०४०:१०२०) ।

ख) पूर्वीय काव्यशास्त्रअनुसार समास नरहेको गद्य, कथासूत्रमा आवद्ध नभईकन हृदयगत भावलाई स्वतन्त्र रुपले अभिव्यक्त गर्ने गद्य कविता नै मुक्तक हो (नेपाली शब्दसागर २०५७:१०७४) ।

ग) पूर्वीय काव्यशास्त्रअनुसार एक श्लोकमा लेखिएको स्वयंमा पूर्ण र गद्य वा गद्यमा लेखिएको छोटो मार्मिक कवितालाई मुक्तक भनिन्छ (प्रयोगात्मक नेपाली शब्दकोश,२०६६:८०८) ।

घ) अनुभूतिको अतिसंक्षिप्त अभिव्यक्ति भएको लघुतम फुटकर कविता नै मुक्तक हो (संक्षिप्त नेपाली शब्दभण्डार, २०६७:१०२२) ।

ङ) कविता ढाँचाको एक आवृत्तिमा प्रेषित हुने लघुतम प्रसङ्ग मुक्त र स्वायत्त प्रकथनलाई मुक्तक भनिन्छ (शर्मा, २०३८:१६१-१६२) ।

च) फुटकर कविताको एकतृतीयांश वा एक चतुथांश वा एक श्लोक जस्तो एक आकाङ्क्षामा सीमित या एक श्लोकी कवितालाई मुक्तक भनिन्छ (पोखरेल, २०५९:१५९) ।

छ) मुक्तकमा कवितात्मक अनुभूति वा सोचाइको एक झुल्को स्वाट्ट प्रकट हुन जान्छ । यसलाई कुनै भाव वा विचारको एक स्वस्फूर्त अभिव्यक्तिको झुल्को पनि भन्न सकिन्छ । झिलिक्क बिजुली झिल्केझैं वा स्वार्र सलाई कोरेझैं जग्मगिने एक अनुभूति झमटनैं मुक्तक हो (त्रिपाठी र अन्य २०४६ : ४२) ।

## विशेषता

मुक्तक मुक्तकका लागि मात्र नभएर समाजका लागि पनि हो। मुक्तकका माध्यमबाट जीवन र जगत्को एक पक्ष र एक पाटोको सूक्ष्म रुपमा चित्रण गरिन्छ। मुक्तकले समाजमा रहेका सकारात्मक नकारात्मक यावत् कुराहरुलाई विषयवस्तु बनाइ छोटो, छरितो र मर्मस्पर्शी रुपमा प्रस्तुत गर्दछ। सरल, संक्षिप्त, मितव्ययी, सूत्रात्मक रुपमा रचना गरिने मुक्तकका प्रमुख अभिलक्षण वा विशेषताहरुलाई यहाँ बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

क) भाव वा विचारको अभिव्यक्तिमा मर्मस्पर्शी हुने,
ख) छोटो संक्षिप्त र प्रभावकारी हुने,
ग) आफैमा पूर्ण हुने,
घ) पाठक र श्रोताको मनलाई चमत्कृत पार्ने,
ङ) आलङ्कारिक भाषा शैलीको प्रयोग गरिने,
च) विभिन्न विषयवस्तुमा रचना गरिने,
छ) भावको तिव्रता र एकोन्मुख हुने,
ज) लयात्मक भाषाशैलीको प्रयोग गरिने,
झ) जीवन र जगत्को अति सूक्ष्म एक झिल्कोको मात्र प्रस्तुतीकरण गरिने,
ञ) सूत्रात्मक रुपमा प्रस्तुत गरिने,
ट) सबै भाव वा विचारलाई सूक्ष्म रुपमा प्रस्तुत गर्ने।


## मुक्तकको वर्गीकरण

मुक्तकलाई संरचना, स्रोत, छन्द, अन्त्यानुप्रास, विषय, विचार, भाव, परम्परा, कथन शैली आदि विभिन्न प्रकारमा विभाजन गरिन्छ। मुक्तक समय सान्दर्भिक विभिन्न विषयवस्तुमा रचना हुँदै आएका छन्। सामाजिक राजनैतिक, धार्मिक, वैज्ञानिक, शैक्षिक विषयवस्तुका साथसाथै सामाजिक मूल्य, मान्यता, रीति रिवाज, भेषभूषा, रहनसहन, आचरण आदिलाई विषयवस्तु बनाइ रचना गरिएका धेरै मुक्तकहरु भेटिन्छन्। मनोभावना, प्रेम, प्रणय, शृङ्गारिकता, दुःख, सुख, भय, क्रोध, वीभत्स, ह्रास्य आदि भावलाई जागृत गर्ने खालका प्रशस्त मुक्तकहरु भेटिन्छन्। मिलन, विछोड, प्राप्ति अप्राप्ति, आकर्षण, विकर्षण, आरोह आदिलाई प्रस्तुत गर्ने छोटो छरितो स्वतन्त्र रचनाका रुपमा मुक्तकलाई लिइन्छ। मुक्तकलाई मुख्य गरी संरचना र स्रोतगत आधारमा विभाजन गर्न सकिन्छ।

### क) संरचनाका आधारमा


मुक्तकमा रहेका चरण, पाउ, हरफ वा श्लोकमा रहेका पङ्क्तिको गणना गरी मुक्तक कुन संरचनामा रचना गरिएको छ। त्यसलाई संरचनागत आधारमा छुट्याउन सकिन्छ। मुक्तकलाई दुई चरणदेखि सत्र/अठार चरणसम्म लम्याएर लेखिएका मुक्तकका प्रशस्त उदाहरण भेटिन्छन्। मानक मुक्तकका रुपमा दुई चरणदेखि सात

चरणसम्मलाई मान्नु पर्ने विचार वासुदेव त्रिपाठीको रहेको छ । संरचनाका आधारमा मुक्तकलाई यसरी वर्गीकरण गर्न सकिन्छ ।




**ख) स्रोतका आधारमा**

स्रोत भन्नाले प्राप्त हुने ठाउँ वा स्थानलाई बुझाउँछ । नेपाली भाषामा स्रोतका आधारमा मुक्तकलाई मौलिक र अगन्तुक गरी दुई प्रकारमा विभाजन गरिन्छ । नेपाली लोकपरम्परा र संस्कृत भाषाबाट आएका मुक्तकलाई मौलिक स्रोतमा राखिन्छ । नेपाली लोकपरम्पराबाट आएका उखान, गाउँखाने कथा, झ्याँगा, लोकगीत, भजन, चुड्का, आदि नेपाली स्रोतमा पर्दछन् भने संस्कृत स्रोतमा सूक्ति, दोहा, चतुष्पदी श्लोक आदि पर्दछन् । नेपाली भाषामा अङ्ग्रेजी, हिन्दी, फारसी, उर्दू जापनीज, आदि भाषाबाट स्वतन्त्र रचनाका रुपमा आएका गद्य मुक्तक, कुण्डली, रुबाई, सायरी, हाइकु, ताङ्का आदि आगन्तुक स्रोतका मुक्तकका उदाहरण हुन् । स्रोतका आधारमा मुक्तकलाई यसरी वर्गीकरण गरिन्छ ।



मुक्तकका यी विभिन्न प्रकारहरु मध्ये स्रोतगत आधारमा फारसी-उर्दू हुँदै नेपाली भाषामा भित्रिएको र संरचनाका आधारमा चार चरणमा रचना गरिने रुबाईलाई यस लेखको मुख्य विषयवस्तु बनाइएको छ ।

## रुबाई

फारसी-उर्दूमा प्रचलित रुबाईलाई मुक्तकको एक भेद मानिन्छ । हाल नेपाली साहित्यमा मुक्तकका नाममा बढी रचना गरिदै आएको मुक्तकको एक प्रकार नै रुबाई हो । रुबाई शब्दको शाब्दिक अर्थ चार भएको भन्ने हुन्छ । यसरी उर्दू भाषामा चार चरणमा लेखिएको रचनालाई रुबाई भनिन्छ । नेपाली बृहत् शब्दकोशले उर्दू फारसीमा चार चरण हुने एक प्रकारको मुक्तकलाई रुबाई भनी परिभाषित गरेको छ (२०५५:१०८१) । समकालीन साहित्यमा मुक्तकका विभिन्न भेदहरुमध्ये रुबाई शैली अत्यधिक चर्चित र लोकप्रिय बनेको छ । पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा कुनै औपचारिक कार्यक्रमलाई प्रभावकारी र आकर्षक बनाउन तथा श्रोताको मन र मस्तिष्कलाई आफूतर्फ तान्न रुबाईको प्रयोग गरिएको पाइन्छ । रुबाईमा गजलमा जस्तै रदीफ र काफियाको प्रयोग गरिएको हुन्छ । पहिलो, दोस्रो र चौथो चरणमा रदीफ र काफियाको प्रयोग गरिन्छ भने तेस्रो पाउमा रदीफ र काफियाको प्रयोग नगरी स्वतन्त्र किसिमले आफ्ना भाव वा विचार सशक्त रुपमा प्रस्तुत गरिन्छ ।

## काफिया

रुबाई शैलीमा रचना गरिएको मुक्तकमा काफियाको महत्त्वपूर्ण भूमिका हुन्छ । रुबाईको रचना गर्दा काफियालाई महत्त्वपूर्ण अङ्गका रुपमा लिइन्छ । रदीफभन्दा अगाडि प्रयोग हुने अनुप्रासयुक्त पद, पदावलीलाई काफिया भनिन्छ । झरिसके, टरिसके, मरिसके, चरिसके, तरिसके, भरिसके जस्ता अनुप्रास मिलेर आएका पदहरु नै काफियाका रुपमा मुक्तकमा हुन्छन् ।

## रदीफ

काफियाभन्दा पछाडि प्रयोग गरिने पद पदावलीलाई रदीफ भनिन्छ । रुबाईको प्रत्येक श्लोकको पहिलो पाउ र अन्य श्लोकमा दोस्रो पाउको अन्तिम शब्दलाई रदीफ भनिन्छ । रदीफको प्रयोगले मुक्तकलाई लयात्मक, श्रुतिमधुर र सौन्दर्यपूर्ण बनाउँछ । रुबाईमा काफियालाई महत्त्वपूर्ण तत्त्व र रदीफलाई सहायक तत्त्वका रुपमा लिइन्छ । काफिया र रदीफको प्रयोग गरी रचना गरिएको मोहन हिमांशु थापाको एउटा मुक्तकलाई यहाँ उदाहरणका रुपमा प्रस्तुत गरिएको छ ।

> यो रातमा त्यो तारा नउदाएको[२] भए[१]
> नदीले यहाँ दुई किनारा नपाएको[२] भए[१]
> साउन भदौ यसरी भेट हुने थिएन यहाँ
> मधुमासमा मैले दुई धारा नबगाएको[२] भए[१] ।

सङ्केत : रदीफ : १
काफिया : २

रुबाईको सार तत्व अन्तिम अर्थात् चौथो चरणमा हुन्छ । यसमा रचनाकारले आफूलाई लागेको सार कुरा अभिव्यक्त गरेको हुन्छ । सामान्यतया रुबाईको संरचनामा चौथो हरफले भन्न खोजेको विषयवस्तुमा चोटिलो प्रहार गर्दछ । विभिन्न प्रसङ्गलाई प्रस्तुत गरी आफ्नो भावको निष्कर्ष अन्तिम चरणमा यसरी प्रस्तुत गरिन्छ ।

सपना बोकेर आइदिने रातहरुलाई एउटा सलाम
सपना खोसेर लैजाने प्रभातलाई पनि सलाम
सजिलैसित जिउने एउटा मिठो निहुँ पाइएको छ
रक्सी बनाइ दिने पहिलो स्रष्टालाई अर्को सलाम ।

मुक्तककार हरिभक्त कटुवालले यस मुक्तकमा सपना बोकेर आउने रातलाई र सपना खोसेर लैजाने प्रभातलाई भन्दा रक्सी बनाइ दिने पहिलो स्रष्टालाई बढी जोड दिएर सलाम गरेका छन् । त्यसैले यस मुक्तकको मुख्य भावलाई अन्तिम पङ्क्तिले स्पष्ट पारेको छ ।

## मुक्तक केही प्रयोग

जीवन सबैतिरबाट निस्सार, अर्थहीन र बिफल बन्दै गएको छ । मानवका इच्छा,आकाङ्क्षा दिन प्रतिदिन बढ्दै जाने तर आवश्यकता पुरा नहुने वर्तमान युगको यथार्थलाई बिषय बनाएर मुक्तक रचाना गरिएका छन् । हाम्रो हीनता, लघुता, निरर्थकतालाई प्रस्तुत गरी अरु कुनै विकल्प नखोजी नित्य रुपमा भट्टीको बास बस्न पुगेका छौं । हामी हाम्रालागि बाँच्न सिक्नु पर्ने, योग्यता, क्षमता, र दक्षता देखाएर अघि बढ्नु पर्नेमा जीवनलाई विफलतासँग साटेर बाटो बिराएको पथिक जस्तै भौंतारिएको स्थितिमा पुगेको,भविष्य निश्चित नभएको यथार्थलाई ज्ञानुवाकर पौडेलले यसरी प्रस्तुत गरेका छन् ।

जीवन विफलतासँग साटिएजस्तो लाग्छ
वर्तमानले बाटो बिराएजस्तो लाग्छ
आफू त अब नित्य भट्टीको बास
भविष्य कठै ! बरालिएजस्तो लाग्छ ।

समाजमा बढ्दो बेथिति छ अन्याय र अत्याचारबाट उत्पन्न विकृति र विसङ्गति छ । विगतदेखि वर्तमानसम्म आइपुग्दा मनमा थुप्रेका व्यथालाई फाल्न मन लाग्छ । प्रकृति पनि परिवर्तनशील छ । मानवलाई प्रकृतिसँगसगै वसन्तको बहारसँगै रङ्ग फेर्न मन लाग्छ तर वाध्यता र विवशताले गर्दा नक्कलीपन बढ्दै गएको

छ । खोक्रोपन भित्रिँदै गएको छ । नक्कली र देखावटी खोक्रोपनले भित्री रोदन र व्यथालाई लुकाएर रुखो हाँसो दुनियाँलाई देखाउन बाध्य भएको प्रसङ्गलाई निर्दोष डेबिटले यसरी प्रस्तुत गरेका छन् ।

मनका सारा व्यथाहरु फेर्न मन लाग्छ
वसन्तको बहारसँगै रङ्ग फेर्न मन लाग्छ
अधरको रुखो हाँसो दुनियाँलाई देखाएर
हरियो बाँसमा आफूलाई नै बेर्न मन लाग्छ ।

देशको चिन्तालाई केन्द्रमा राखेर देशभक्तिको भावमा नयाँ नेपालको सपना देख्ने व्यक्तिको खडेरी पर्दै गएको छ । देशभक्तिलाई आफ्नै आँखाले देखेको हिमाल, पहाड, तराई, नदी, नाला, ओराली, उकाली, देउराली र पाखा पखेरीसँग, आफैले टेकेको आँगनसँगै राखेका छन् । जीवन नै देश भएकाले हृदयमा नै देश खोज्नु पर्ने मर्मस्पर्शी भाव मुक्तकमा प्रस्तुत भएका छन् । व्यक्तिगत स्वार्थभन्दा माथि उठेर हेर्दा, हिड्दा हृदयका साथसाथै सपना र विपना पनि देशलाई नै भेट्ने देशभक्ति भावलाई भीम दर्शन रोकाले मुक्तकका माध्यमबाट यसरी व्यक्त गरेका छन् ।

नेपाल देख्दा कतै देखेको झैं
बिहान कतै आँगन टेकेको झैं
यस्तो लाग्यो हृदयमा मेरो
सपनामा कतै भेटेको झैं

जीवनमा मानिसले फुल्ने, फल्ने र फलाउने अनन्त आशा लिएको हुन्छ तर उसको मृत्यु कर्म नगर्दै गर्भमा लेखिएको हुन्छ । यस्तो सङ्गति नभएको विसङ्गतिले भरिएको जीवनलाई छाम्ने, खोज्ने, परिभाषित गर्ने क्रममा नारायण नेपालले जीवनमा भोगेका भोगाइलाई छोटो, छरितो, सरल र यथार्थ अभिव्यक्तिमा यसरी प्रस्तुत गरेका छन् ।

जथाभावी गर्नेको सधैं चल्छ कैल्यै ठान्दिनँ
धेरै उल्टोपाल्टो गर्नेहरु ठुलै हुन् मान्दिनँ
यौटा छुट्टै शैलीमा जीवन खोजिरहेछु म
जिन्दगीको दोकान चलिरहोस् अरु जान्दिनँ

साहित्यमा प्रतीक र बिम्बको महत्त्वपूर्ण भूमिका हुन्छ । साहित्यकारले व्यक्त गर्न खोजेको भावलाई छोटो, छरितो रुपमा प्रस्तुत गर्नु पर्दा प्रतीक र बिम्ब प्रयोग गरिन्छ । ऐतिहासिक र पौराणिक पुरुषलाई प्रतीकका रुपमा प्रस्तुत गरी वर्तमान यथार्थलाई राजन सिलवालले मुक्तकका माध्यमबाट यसरी व्यक्त गरेका छन् ।

आफ्नो अतीत भुल्न गारो हुँदो रै छ
सानो गल्तीले आँखामा धारो हुँदो रै छ
शकुनी र मन्थराको बोली बिकेपछि
मर्यादा पुरुष राम नै तारो हुँदो रै छ

अन्त्यमा माया,प्रेम, दुःख, सुख आदिलाई विषय बनाएर मुक्तक रचना गर्नु समकालीन मुक्तकको एक विशेषता हो । रुबाई शैलीमा रचना गरिएको दिव्य गिरीको एक शृङ्गारिक मुक्तकलाई प्रस्तुत गरी नजर र अधर को असर नै काफी भएपछि मानिसको मनलाई घायल बनाउन जहरको कुनै काम छैन भन्ने भावको मुक्तकलाई यहाँ प्रस्तुत गर्दै यस खोजमूलक छोटो लेखलाई टुङ्ग्याउन चाहन्छु ।

तीरझैं बर्सिने ती नजरको के कुरा
इन्द्रेणीझैं खुल्ने ती अधरको के कुरा
नजर र अधरको असर नै काफी छ
मलाई बेहोस पार्ने जहरको के कुरा

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६६), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन ।

पराजुली, मुरारि (२०६९), *नेपाली मुक्तकका प्रवृत्तिहरु,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (२०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेराप्रप्र ।

पोखरेल, भानुभक्त (२०५९), *सिद्धान्त र साहित्य,* ललितपुर : साझा प्रकाशन ।

थापा, मोहन हिमांशु (२०४७), *साहित्य परिचय,* ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौं : नेराप्रप्र ।

शर्मा नेपाल, वशन्तप्रकाश (२०५७), *नेपाली शब्दसागर,* काठमाडौं : भामा पुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव र अन्य (२०५३), *नेपाली कविता (भाग ४),* ललितपुर : साझा प्रकाशन ।